राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

२०७५ असोज २५

## आयोगद्वारा कञ्चनपुर जिल्लाकी निर्मला पन्तको घटनाको अनुसन्धान सम्बन्धमा विज्ञहरुसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपश्चात् हत्याको घटनाको सर्न्दभमा गरिएका चिकित्सकीय जाँच तथा सबूदहरुको वैज्ञानिक परीक्षणका सम्बन्धमा राय/सुझाव लिने उद्देश्यले कानूनी चिकित्सा विज्ञ र डि.एन.ए विज्ञहरुसँग आज आयोगमा छलफल गरेको छ । छलफलका क्रममा डि.एन.ए परिक्षण प्रतिवेदन र शव परिक्षण प्रतिवेदनका प्रतिलिपिहरुको समेत सूक्ष्म अध्ययन गरिएको थियो ।

छलफल पश्चात् आजै आयोगले केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा मृतक निर्मला पन्तवाट संकलित यौनिक स्वाव (Viginal Swab) को नमूनाहरु र सो नमूनावाट पृथककीकरण डि.एन.ए (Isolated DNA) लगायतका सबूतहरु जे जस्तो अवस्थामा छन् सोही रुपमा सुरक्षित राख्न प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँलाई निर्देशन दिएको छ ।

त्यसैगरी मृतक निर्मला पन्तको यौनिक स्वाव नमूना संकलन गरी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाउँदा अपनाइएको प्रक्रियाको वारेमा जानकारी गराउन महाकाली अञ्चल अस्पताल, कञ्चनपुरलाई पनि पत्राचार गरिएको छ ।

छलफलमा आयोगका कार्यवाहक अध्यक्ष प्रकाश वस्ती, सदस्य सुदिप पाठक, त्रि.वि.फरेन्सिक मेडिसिन विभागका कानूनी चिकित्सा विज्ञ डा. हरिहर वस्ती, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका डि.एन.ए विज्ञ वैज्ञानिक डा. दिनेश झा, आयोगका नि. सचिव मुरारिप्रसाद खरेल, उपनिर्देशक लोकनाथ वास्तोला लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

मुरारिप्रसाद खरेल
नि. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org